

# १ इतिहासको औचित्य देखाउनः जेरुबाबेल र एज्रा

*__यस अध्यायका मूल पदहरू:__* यर्मिया २५:११,१२, दानिएल ९:१,२, एज्रा ४:१-७, यशैया ५५:८,९ र एज्रा ७:१-२८।

*__यस अध्यायको मूल सार पद:__* **"२ फारसका राजा कोरेस (साइरस) यसो भन्छन्, "परमप्रभु, स्वर्गका परमेश्‍वरले पृथ्वीका सबै राज्य मलाई दिनुभएको छ। उहाँले नै मलाई यहूदाको यरूशलेममा उहाँको निम्ति एउटा मन्दिर बनाउन आज्ञा गर्नुभएको छ।" एज्रा १:२।**

अगमवक्ता यर्मियाका लेखहरूमा परमेश्‍वरले दिनुभएको एउटा उल्लेखनीय प्रतिज्ञा उल्लेख गरिएको छ। बेबिलोनमा ७० वर्ष निर्वासन भएपछि इस्राएलीहरू आफ्नै देशमा फर्काउने वातावरण परमेश्‍वरले मिलाउनुहुनेछ भनेर त्यस प्रतिज्ञामा भनिएको छ। बेबिलोनका राज साइरस वा कोरेश परमेश्‍वरका उपासक नभएतापनि वा यहूदी नभएतापनि उहाँले उनैलाई प्रयोग गरेर सो काम उहाँले सम्पन्न गर्नुहुनेछ। परमेश्‍वरले नियुक्त गर्नुभएको राजा साइरस वा कोरेशले (यशैया ४५:१) ई.पू. ५३८ तिर युद्धबन्दीभएर निर्वासित जीवन बिताइरहेका परमेश्‍वरका जनहरूलाई आफ्नो देशबाट स्वतन्त्र भएको घोषणा गरेका थिए। तिनीहरूलाई आफ्नो देशमा फर्केर परमेश्‍वरको मन्दिरको पुननिर्माण गर्न राजाले अनुमति दिएका थिए। यरुशलेम र मन्दिर पुननिर्माणको वचन परमेश्‍वरले दिनुभएको थियो, राजा साइरस वा कोरेशले होइन। उहाँले भन्नुभएको थियो "यरुशलेम फेरि निर्माण गरियोस्" र मन्दिरको जग फेरि बसालियोस" (यशैया ४४:२८ रूपान्तरित)। मन्दिर निर्माणको जमानी परमेश्‍वर नै हुनुभएको थियो। बिदेशी राजा वा यहोवेको उपासना नगरि मूर्तिपूजा गर्ने राजा साइरस वा कोरेशको हृदयलाई परमेश्‍वरले नै घचघचाएर

मन्दिरको पुननिर्माण गर्ने आदेश उहाँले दिन लाग्नुभएको थियो। परमेश्वरले खटाउनु भएको काममा मानिसहरू सकारात्मक रूपमा सक्रिय हुँदा जहिले पनि त्यहाको वातावरण उत्साहप्रद हुन्छ। "त्यसपछि यरूशलेममा परमप्रभुका भवनको पुनर्निर्माण गर्न परमेश्वरले उत्तेजित पार्नुभएका यहूदा र बेन्यामीनका परिवारका मुख्य मानिसहरू अनि पूजाहारीहरू र लेवीहरू सबै नै जानलाई तयार भए।"(एज्रा १:५)।

यहाँ परमेश्वरको शक्तिशाली, अनुग्रह र दयाले भरिएको काममा एकजुट हुन मानिसहरू कसरी एक भए त्यसको ज्वलन्त उदाहरण यहाँ हामी पाउँछौं। परमेश्वर को हुनुहुन्छ, उहाँले के गर्नुभयो र उहाँ आफ्ना जनहरूको हितको निम्ति कसरी मायालु तरिकाले हस्तक्षेप गर्नुहुन्छ भन्ने ज्ञानको महसुस गर्न सकियो भने हामीले गर्ने कामको गराइ अत्यन्तै उच्च कोटीको हुनेकुरा हामी देखाउन सक्छौं।

## १. निर्वासनबाट पहिलो फिर्ती

**बिदेशी मुलुक बेबिलोनमा निर्वासित जीवन बिताइरहेका इस्राएलीहरू सबभन्दा पहिले कहिले फर्के? उक्त पूरा भएको भविष्यवाणी कुन थियो? हेर्नुहोस्: यर्मीया २५:११,१२ ११ "यो सारा देश निर्जन र उजाड़ हुनेछ, र यी जातिहरूले सत्तरी वर्षसम्म बेबिलोनका राजाको सेवा गर्नेछन्। १२ तर 'सत्तरी वर्ष पूरा भएपछि म बेबिलोनको राजा र त्यसका जाति, अर्थात् बेबिलोनीहरुको देशलाई उनीहरूका दोषको कारण सदाको निम्ति उजाड़ पार्ने गरी दण्ड दिनेछु' परमप्रभु भन्नुहुन्छ।", यर्मीया २९:१०,११ "१० परमप्रभु यसो भन्नुहुन्छ, 'बेबिलोनको निम्ति सत्तरी वर्ष पूरा भएपछि म तिमीहरूकहाँ आउनेछु, र तिमीहरूलाई यस ठाउँमा फर्काएर ल्याउनेछु भनी मेरो कृपालु प्रतिज्ञा म पूरा गर्नेछु। ११ किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु,' परमप्रभु भन्नुहुन्छ। 'ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई'।" र दानिएल ९:१,२ "१ अहासूरसका छोरा दाराको प्रथम वर्षमा, जो मादी वंशका थिए र बेबिलोनी राज्यका शासक तुल्याइएका थिए। २ उनका राज्यकालको प्रथम वर्षमा म, दानिएलले, यर्मिया अगमवक्तालाई दिइएको परमप्रभुको वचनअनुसार, धर्मशास्त्रबाट बुझें कि यरूशलेमको उजाड़ अवस्था सत्तरी वर्षसम्म रहनेछ।"**

यर्मियामा उल्लेख गरिएको ७० वर्षको भविष्यवाणी पूरा गर्न परमेश्वरले राजा साइरस वा कोरेशलाई प्रभाव पार्नुभएको थियो। यहूदाको भूमि ७० वर्षसम्म बेबिलोन साम्राज्यले नष्ट पार्नेछ भनेर यर्मियाले लेखेका थिए (यो ई.पू.६०६ वा ६०५देखि ई.पू. ५३७ वा ५३६तिर भएको थियो)। अनि युद्धवन्दी वनाएर लगिएका इस्राएलीहरू आफ्नै देशमा फर्काउने ढोकाहरू परमेश्वरले नै खोलिदिनुहुनेछ भनेर भविष्यवाणी गरिएको थियो। जब दानिएलले यर्मियाका लेखहरू पढे तब इस्राएलीहरू फर्किने समय आइसकेको उनले महसुस गरेका थिए।

दानिएल ९मा दानिएल अत्यन्तै चिन्तित भएको देखाइएको छ। ७० वर्ष पूरा हुनै लागेको थियो। केही कुरा परिवर्तन होला जस्तो देखिएको थिएन। अब पर्सिया नयाँ साम्राज्यको रूपमा शक्तिशाली भएर उदय भएको थियो। उनी अत्यन्तै शोकित भएर परमेश्वरतिर फर्कन्छन् र उहाँले गर्नुभएको प्रतिज्ञा पूरा गर्न उहाँसँग अनुनय बिन्ती गर्दछन्। उनको प्रार्थनाको पूरा विवरण दानियएल ९ अध्यायमा पाइन्छ। यही अध्यायमा परमेश्वरले दानिएलको प्रार्थनालाई यसरी जवाफ दिनु भएको थियो भनेर लेखिएको छ "१८ हे परमेश्वर, आफ्नो कान थाप्नुहोस् र आँखा खोल्नुहोस् र तपाईंको नाउँ बोकेको सहरको उजाड़ अवस्था हेर्नुहोस्। हामी धर्मी छौं भनेर यो बिन्ती गरेका छैनौं, तर तपाईंको महान् कृपाको कारणले। १९ हे परमप्रभु, सुन्नुहोस्! हे परमप्रभु, क्षमा गर्नुहोस्! हे परमप्रभु, सुन्नुहोस् र कारबाई गर्नुहोस्। हे मेरा परमेश्वर, आफ्नो खातिर ढिलो नगर्नुहोस्, किनभने तपाईंको सहर र तपाईंका मानिसहरूले तपाईंको नाउँ बोकेका छन्। २० जसै म बोल्दै र प्रार्थना गर्दै, मेरो आफ्नै पाप र मेरा इस्राएली जातिको पाप स्वीकार गर्दै र उहाँको पवित्र डाँड़ाको लागि परमप्रभु मेरा परमेश्वरसँग बिन्ती गर्दैथिएँ २१ जसै म प्रार्थनामा नै थिएँ, पहिलेको दर्शनमा मैले देखेका मानिस, गब्रिएल, साँझका बलिदानको समयमा वेगसँग उड़ेर मकहाँ आए। २२ उनले मलाई आदेश दिए र भने, 'हे दानिएल, अहिले म तिमीलाई अन्तर्ज्ञान र समझ दिन आएको छु। २३ तिमीले प्रार्थना गर्न थाल्ने बित्तिकै प्रार्थनाको उत्तर दिइयो, जुनचाहिँ तिमीलाई बताउन म आएको छु, किनकि तिमी अति सम्मानित छौ। त्यसकारण सन्देशलाई विचार गर र दर्शन बुझ। २४ 'तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई

अभिषेक गर्न सत्तरी 'सातहरू'को आदेश तोकिएको छ। २५ यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात 'सातहरू' र बयसट्ठी 'सातहरू' हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दु:खको समयमा। २६ बयसट्ठी 'सातहरू' पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक 'सात'को लागि तिनले एउटा करारको सदर गर्नेछन्। 'सात'को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।" दानिएल ९:१८-२७। यहाँ परमेश्वरले दानिएललाई देहायका प्रतिज्ञाहरू दिनुहुन्छः सबै थोक परमेश्वरको हेरचाहमा छ र भविष्य उहाँले योजना बनाउनुभए मुताविक नै हुनेछ। मानिसहरूको पापको निम्ति मर्न उद्धारकर्ता आउनुहुन्छ, उहाँले धार्मिकताको जग बसाल्नुहुनेछ र पशु बलिप्रथाले औंल्याएको धार्मिक विधिहरू पूरा गर्नुहुनेछ वा अन्त गर्नुहुनेछ। यथार्थमा परमेश्वरले दानिएललाई यो भनिरहनुभएको थियो, "दानिएल, तिमी चिन्ता नगर। सत्य उद्धारकर्ता (येशू) आउनेछ र अहिले नै तिमीलाई गर्ने उद्धार पठाउनेछु।" केही समयपछि नै परमेश्वरले युद्धवन्दीहरूलाई छुटाउन आदेश दिन पर्सियाका राजा कोरेश वा साइरसको मनमा प्रभाव पार्नुहुन्छ। परमेश्वरले गर्नुभएको प्रतिज्ञा पूरा गर्न उहाँ जहिले पनि सक्रिय हुनुहुन्छ। (दानिएल १० अध्यायमा आफ्नो देशको सम्मुन्नत्तिको निम्ति परमेश्वरले हस्तक्षेप गर्नुभएको बृतान्त पढ्न पाइन्छ)। राजा साइरस वा कोरेशको आदेश अनुसार इस्राएली राष्ट्र आफ्नो देशमा फर्केर जान स्वतन्त्र भएको, यरुशलेम र परमेश्वरको मन्दिरको पुननिर्माण गर्न स्वतन्त्र भएको कहानी एज्राले एज्रा १मा लेखा राखेका छन्। राजा साइरसले ई.पू. ५३९-५३७तिर त्यो आदेश दिएका थिए। राजाले तिनीहरूलाई फर्कनमात्र अनुमति दिएनन् तर तिनीहरूले प्रशस्त उपहारहरू र भेटीहरू साथै राजा नबूकदनेसरले लुटेका र परमेश्वरको मन्दिरमा भएका भाँडाकुँडाहरू पनि दिएर विदाइ गरेका थिए। सयौं वर्ष अघि, जब इस्राएलीहरूले इजिप्ट छोडेका थिए त्यसबेला इजिप्टबासीहरूको हृदयमा परमेश्वरले प्रभाव पारेर तिनीहरूबाट उपहार दिन लाग्नुभएको कथा राजा

साइरसको आदेशले सम्झना गराउँछ। यहूदामा फर्केका प्रथम मानिसका समूहमा करिब ५०,००० मानिसहरू थिए। अरू क्षेत्रहरूबाट पनि स्त्री र बालबालिकाहरू तिनीहरूसँग समावेश भएको हुनुपर्दछ।

**परमेश्वरको वचनमा उल्लेख गरिए अनुसार अरू के के ऐतिहासिक भविष्यवाणीहरू पूरा भएका छन्? त्यसैबाट हामीले के आशा र सान्त्वना पाउन सक्छौं जहा उहाँले दिनुभएका बाँकी प्रतिज्ञा वा भविष्यवाणीहरू पनि पूरा हुनेछन् भनेर हामी ढुक्क हुनसक्छौं?**

## २. राजा र विभिन्न घट्नाहरूको सारांश

निर्वासनबाट फर्केका प्रथम समूहलाई परमेश्वरको मन्दिर पुनर्निर्माण गर्ने जिम्मा दिइएको थियो। मन्दिरको पुनर्निर्माणको क्रममा आएका विभिन्न बाधा र विरोधहरूको बारेमा हामी पछिको अध्यायमा अध्ययन गर्नेछौं। तर मन्दिर लामो समयसम्म निर्माण भइरहदा र यरुशलेम सहरको पुनर्निर्माण भइरहदा एक पछि अर्को आएका पर्सियाका राजाहरूको बारेमा यहाँ छलफल गर्नेछौं। एज्रा र नेहमियाका कथाहरूको पछाडिको इतिहास थाहा पाउनु जरुरी छ। किनभने तिनीहरूले दिएका सन्देशहरूको गहिरो अर्थ त्यस इतिहासले बुझाउँछ।

**जब परमेश्वरको मन्दिरको निर्माण हुँदै थियो तब त्यसबेला त्यस निर्माणको विरुद्धमा धेरै बिरोधीहरू खडा भएका थिए। ती समयहरूमा विभिन्न राजाहरूले राज्य गरेका थिए। त्यस समयमा राज गरेका विभिन्न राजाहरूका नाम के के हुन्? हेर्नुहोस्: "१ कैदबाट फर्केर आएकाहरूले परमप्रभु इस्राएलका परमेश्वरको मन्दिर बनाउँदैछन् भन्ने कुरा जब यहूदा र बेन्यामीनका शत्रुहरूले सुने, २ उनीहरू यरुबाबेल, येशूअ, र परिवारका मुख्य मानिसहरूकहाँ आएर यसो भने, 'हामीलाई पनि तपाईंसँग भवन निर्माण गर्न दिनुहोस्, किनभने हामी पनि तपाईंहरूझैं तपाईंहरूका परमेश्वरको खोजी गर्दछौं, र हामीलाई यहाँ ल्याउने अश्शूरका राजा एसरहदोनको पालोदेखि नै हामी उहाँलाई नै बलिदान चढ़ाउँदैआएका छौं।' ३ तर यरुबाबेल, येशूअ, र इस्राएलका बाँकी रहेका परिवारका मुखियाहरूले उनीहरूलाई यसो भने, 'यो भवन, जो हामी हाम्रा परमेश्वरको निम्ति निर्माण गरिरहेका छौं, त्यसमा तिमीहरूको केही सम्बन्ध छैन। फारसका महाराजा कोरेसले हामीलाई आज्ञा गर्नुभएझैं हाम्रा परमप्रभु इस्राएलका परमेश्वरको निम्ति यो भवन हामी मात्र निर्माण गर्नेछौं।' ४ तब**

त्यस देशका मानिसहरूले यहूदीहरूको मन निराश गराउन र त्यो भवन निर्माण गर्ने काम बिथोल्न त्रास हाल्ने काम सुरु गरे। ५ तिनीहरूको अभिप्रायलाई नाश गर्न उनीहरूले तिनीहरूको विरुद्धमा काम गर्न सल्लाहकारहरूलाई भाड़ामा लिए। फारसका राजा कोरेसको शासनकालभरि र दाराको शासनकालसम्म यस्तो काम चली नै रह्यो। ६ अहासूरसका राजत्वकालको सुरुमा त्यस देशका मानिसहरूले यहूदा र यरूशलेमका बासिन्दाहरूका विरुद्धमा एउटा अभियोग-पत्र लेखेर पठाए। ७ फारसका राजा अर्तासास्तको पालोमा विश्लाम, मित्रेता, ताबेल, र तिनका सबै सहयोगीहरूले उनलाई एउटा चिट्ठी लेखे। त्यो चिट्ठी आरमेइक अक्षर र आरमेइक भाषामा लेखिएको थियो।" (एज्रा ४:१-७)।

क्रमवद्धरूपमा पर्सियाका राजाहरूको सूची यस प्रकारको छ। तिनका नाम एज्रा र नेहमियाका पुस्तकहरूमा लेखिएका बृतान्तहरूमा संलग्न थिए। यी नामहरू राजा कोरेश वा साइरसको नामबाट सुरू हुन्छ। यस राजाले ई.पू. ५३९मा बेबिलोनलाई कब्जा गरेर फारस (पर्सियन) साम्राज्य खडा गरेका थिए।

*कोरेस वा साइरस दोस्रो "महान्" (ई.पू. ५५९-५३०)*
*क्याम्बिसेस दोस्रो (ई.पू. ५३०-५२२)*
*दारियस वा दारा प्रथम (ई.पू. ५२२-४८६)*
*जेरेसेस वा आहासूरस प्रथम (ई.पू. ४८५-४८६) (एस्तरको पुस्तकमा उल्लेख गरिएको राजा)*
*अर्तासास्त प्रथम (ई.पू. ४६५-४२४)*

हामीले एज्राको पुस्तक पढ्दा यो ख्याल गर्नु जरुरी छ कि ती राजाहरूले क्रमवद्धरूपमा शासन गरेका थिएनन्। उदाहरणमा एज्रा ४:६-२४ अध्याय ५ अगाडि समावेश भएको थियो। त्यसबेला मन्दिर निर्माणमा निर्माताहरूले निरन्तररूपमा विरोधको सामना गर्नुपरेको थियो। त्यसको फलस्वरुप, एज्रा ४मा उल्लेख भएका जेरसेस वा आहासूरस प्रथम र आर्तसास्त प्रथम संलग्न भएका पात्रहरू अध्याय ५ र ६ मा लेखिएका घट्नाहरू पछि लेखिएका थिए। ती घट्नाहरू दारा वा दारियस प्रथमको समयमा घटेका थिए। पाठक वर्गहरूमा ती क्रमको बारेमा पढ्दा अलमल हुन सक्दछ। यसैले गर्दा ती किताबहरूको बारेमा शताब्दीयौंदेखि मानिसहरूमा अन्यौल छाएको पनि हुनसक्छ। जब हामी यस पुस्तकमा लेखिएका घट्नाहरूको क्रमबद्धता हेर्छौं

तब हामीलाई एज्रा र नेहमियाका सन्देशहरू अझ राम्रोसँग बुझ्न सहयोग मिल्छ।

**बाइबलमा कतिपय कुराहरू छन् जसले कतिपय समयमा हामीलाई अलमलमा पार्न सक्छ। हामीले नबुझेका वा बुझ्न आवश्यक नभएका वा अर्थ नभएका कुराहरूले दिमाग अलमलमा पर्दा परमेश्वर र उहाँ वचनहरूमा नै भरपर्न कसरी सिक्ने? तपाईंको जीवनमा तपाईंले के बुझ्नु भएको छैन भन्दा पनि के बुझ्नुभएको छ त्यसमा बरू सोच्नु किन जरुरी छ? हेर्नुहोस् यशैया ५५:५,९ "८ किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्,' परमप्रभु भन्नुहुन्छ। ९ जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अलग छन्।"**

## ३. युद्धबन्दी वा निर्वासनबाट फर्केको दोस्रो समूह

ई.पू. ४५७तिर राजा आरतस्तास प्रथमले एज्रालाई यरुसलेममा फर्कन अनुमति दिएको बृतान्त एज्रा ७:१-१औं र ८:१-१४मा हामी पढ्छौं। एज्रासँग कुनै व्यक्तिले यरुशलेम फर्कन चाहेमा फर्कने अनुमति पनि राजाले दिएका थिए। राजा र एज्राको बीचमा कस्तो सम्बन्ध थियो भन्ने कुरा त्यति स्पष्ट छैन। एज्रा दरवारको कर्मचारी थिए कि भन्ने कुरा पनि हामीलाई खुलाइएको छैन। एज्रा ८ अध्यायमा परिवारका मूल नाइकेहरूको नामावली उल्लेख गरिएको छ। तिनीहरू एज्रासँगै यरुशलेममा फर्केका थिए। उक्त सूचीको सबभन्दा अग्र पंङ्तिमा फर्कि आएका पूजारीको पद सम्हाल्नेहरू थिए भने त्यसपछि राजकीय बंशका मानिसहरू र पछि सर्वसाधारण यहूदीहरू थिए। विशेष गरेर १२ परिवारका नाउँहरू उल्लेख गरिएको छ। त्यसको अर्थ इस्राएलीहरूका १२ कूलहरू हुन् भन्ने जनाउन सक्छ।

उक्त सूचीमा उल्लेख गरिए अनुसार यरुशलेममा फर्किने मानिसहरू करिब १,५०० पुरुषहरू थिए भने महिला र बालबच्चाहरू गरी करिब ५,००० देखि ६,००० जति थिए। तर त्यो यरुबाबेल र यशुवासँग फर्किने प्रथम समूहभन्दा धेरै कम हो।

**एज्रा ७:१-१०ले हामीलाई एज्राको बारेमा के जानकारी दिंदछ? हेर्नुहोस् "१ यी घटनापछि फारसका राजा अर्तासास्तको राजत्वकालमा एज्रा बेबिलोनबाट उक्लेर आए। तिनी सरायाहका छोरा, जो अजर्याहका छोरा, जो**

**हिल्कियाहका छोरा, २ जो शल्लूमका छोरा, जो सादोकका छोरा, जो अहीतूबका छोरा, ३ जो अमर्याहका छोरा, जो अजर्याहका छोरा, जो मरायोतका छोरा, ४ जो जरयाहको छोरा, जो उज्जीका छोरा, जो बुक्कीका छोरा, ५ जो अबीशूका छोरा, जो पीनहासका छोरा, जो एलाजारका छोरा, जो प्रधान पूजाहारी हारूनका छोरा थिए। ६ परमप्रभु इस्राएलका परमेश्वरले मोशाद्वारा दिनुभएको व्यवस्थामा एज्राचाहिँ एक निपुण अध्यापक थिए। तिनले मागेका सबै कुरा राजाले मन्जूर गरिदिए, किनभने परमप्रभु तिनका परमेश्वरको हात तिनीमाथि थियो। ७ अर्तासास्त राजाको सातौं वर्षमा केही इस्राएलीहरू, केही पूजाहारीहरू र लेवीहरू, गवैयाहरू र द्वारपालहरू र मन्दिरका सेवकहरू तिनको साथमा यरूशलेममा आए। ८ ती नै राजाको सातौं वर्षको पाँचौं महिनामा एज्रा यरूशलेममा पुगे। ९ पहिलो महिनाको पहिलो दिनमा तिनले बेबिलोनबाट यात्रा सुरु गरेका थिए, र पाँचौं महिनाको पहिलो दिनमा तिनी यरूशलेममा आइपुगे, किनभने परमप्रभुको कृपालु हात तिनीमाथि थियो। १० किनकि एज्राले परमप्रभुको व्यवस्था अध्ययन गर्न र पालन गर्न, र इस्राएलमा धर्म-विधि र धार्मिक शिक्षा सिकाउन आफैलाई समर्पण गरेका थिए।"**

एज्रा पूजाहरी कुलको निपूर्ण वा असाध्यै जान्ने धर्मशास्त्रका गुरु थिए। उनी हारुनको बंशबाट आएको हुनाले उनी पूजारी हुन पुगेका थिए। हारुन मोशाका दाजु थिए, जो इस्राएल राष्ट्रका पहिलो पुजारी थिए। एज्राको पुस्तकमा लेखिएको विवरण र यहूदीहरूको संस्कारले गर्दा एज्राको नाउँ इस्राएलीहरूको बीचमा अहिले पनि धेरै आदरणीय मानिन्छ। राजा आर्तसास्तको दरवारमा एज्राले धर्मगुरु वा कारिन्दा भएर काम गरेका थिए कि थिएनन् त्यो चाहिँ ज्ञात छैन। त्यसकारण एज्रालाई धर्मशास्त्रको गुरु भनेर उल्लेख गर्दा उनले पहिले पाएका जिम्मेवारी वा उनमा भएका खुबीहरू पनि हुन सक्छन् र उनी यहूदामा फर्केपछि सम्हाल्न थालेको ओहदा पनि हुनसक्छ। तर जे भएपनि राजा आर्तसास्तसँग एज्रा कुनै न कुनै काम विशेषले नजिक भएको देखिन्छ, त्यसैले गर्दा यरुशलेम फर्किने यहूदी समूहको अगुवा बनाएर राजाले उनलाई पठाएका थिए।

एज्रा ७:६ र १०मा एज्राको बारेमा यसरी वर्णन गरिएको छः उनी निपूर्ण वा जान्ने र समर्पित शिक्षक वा धर्मगुरु थिए। "निपुण" भन्ने शब्दको विशेष अर्थ छ। त्यसको अर्थ कुनै पनि ज्ञान "छिटो" सिक्न सक्ने र मगजमा राख्न सक्ने भन्ने हुन्छ। एज्राको मगज चङ्ख थियो। परमेश्वरको व्यवस्थाको

बारेमा अत्यन्तै जान्ने, बुझ्ने र  सिकाउन सक्ने दिमाग भएका व्यक्ति भनेर एज्राको नाउँ प्रख्यात थियो। फेरि राजाले एज्रालाई नै यहूदामा फर्किने इस्राएलीहरूको नेतृत्व गर्ने जिम्मा दिनु भएकोले उनी साहस र नेतृत्व गर्ने खुबी भएका मानिस थिए भनेर हामी बुझ्न सक्छौं।

**एज्रा ७:१०मा एज्राको हृदय "परमप्रभुको व्यवस्था अध्ययन गर्न र पालन गर्न, र इस्राएलमा धर्म-विधि र धार्मिक शिक्षा सिकाउन आफैलाई समर्पण गरेका व्यक्ति थिए।" भनेर उल्लेख गरिएको छ।हामीले हाम्रो जीवनमा यो नीतिलाई कसरी अङ्गाल्ने?**

## ४. आर्तसास्तको आदेश

आर्तसास्तको आदेश राजा साइरसको प्रथम आदेश जस्तै छ। पुजारी बंशदेखि लिएर प्रत्येक यहूदीहरू जो यरुशलेममा यात्रा गर्न चाहन्छन् तिनलाई जान राजाले इस्राएलीहरूलाई सल्लाह दिन्छन्।  मुरासु ऐतिहासिक लेख अनुसार बहुसंख्यक यहूदी पर्सियामा नै रहेका थिए। यो एस्तरको कथाले प्रमाणित गर्दछ। तर कतिपय यहूदीहरू आफ्नै पुर्खौली देशमा फर्केर नयाँ जीवन सुरू गर्ने अवसरको निम्ति पर्खेर बसेका थिए। राजाले प्रायजसो ट्रान्स युफ्रेटिस क्षेत्रका खजाँन्चीहरूलाई सम्बोधन गरेका थिए। यरुशलेम सहरको जिर्णोद्धार गर्न र परमेश्वरको मन्दिरलाई सुन्दररूपमा सजाउन (एज्रा ७:२७) चाहिने जति धन ती खजाञ्चीहरूले उपलब्ध गराउनु पर्दथ्यो। अन्तमा परमेश्वरको व्यवस्थालाई उचितरूपमा कार्यान्वयन गर्न र देशमा न्यायप्रणाली स्थापना गरि विधिको शासन चलाउने जिम्मा राजाले एज्रालाई नै सुम्पेका थिए। राजाको आदेश अनुसार जुन संगठित र संस्थागतरूपमा एज्राले देश चलाउनुपर्थ्यो ती आदेशहरू समाजको महत्त्वपूर्ण पक्षहरू हुन्थे। एज्रा र इस्राएलीहरूलाई तिनीहरूको पुर्खौली देशको जिर्णोद्धार गर्न राजाको आदेशले सहज बनाइएको थियो।

यरुशलेम सहर र पवित्र मन्दिरको पुननिर्माण गर्न राजाले देखाएको चासोले के उनी एज्राको परमेश्वरलाई विश्वास गर्न थालेका थिए भन्ने देखाउँछ? परमेश्वरलाई "इस्राएलको परमेश्वर जो यरुशलेममा रहनुहुन्छ" (एज्रा ७:५) भनेर आर्तसास्तले सम्बोधन गरेका थिए। यथार्थमा जुन अर्थ लगाएर इस्राएलको परमेश्वर भनेर राजाले सम्बोधन गरेका थिए त्यो तत्कालीन देशहरूमा पुज्ने स्थानीय देवी देवताहरू जस्तै एज्राको परमेश्वर पनि विभिन्न

उपहार तथा पुजापाठद्वारा संतुष्ट पारिने विषय नै हो भनेर उनले ठानेका थिए। स्थानीय देवताहरू उनीसँग र उनका सन्तानहरूसँग क्रोधित होउन् भन्ने उनले चाहेका थिएनन् (एज्रा ७:२३)। अझ भन्नुपर्दा ई.पू. ४५७मा पर्सियाको सरकारको विरुद्धमा इजिप्ट अर्थात् मिश्रदेशका जनताले विद्रोह गरेका थिए। त्यसैलाई मध्यनजर राखेर यहूदा क्षेत्रका जनताहरूलाई राजाप्रति बफादार बनाई राख्न र तिनीहरूलाई खुशी पार्न त्यस देशको पुननिर्माण गर्न एज्रा त्यहाँ खटाइएका थिए।

दुर्भाग्यवस राजा, एज्रा र नेहमियाको संगतमा परेर पनि उनी परमेश्वरलाई विश्वास गर्ने भक्त बन्न पुगेका थिएनन्। कुनै पनि पदहरूमा रहदा पनि उनी परमेश्वरको विश्वासी भएका थिए भन्ने आभास् पाइदैन। यस घट्नाले यो संसारमा आफ्नो चाहना पूरा गर्न परमेश्वरले उहाँलाई विश्वास नगर्ने व्यक्तिहरूलाई पनि प्रयोग गर्नुहुन्छ भन्ने ज्वलन्त उदाहरण आर्तसास्तको कदमले देखाउँदछ।

**यस संसारमा दुःख, कष्ट, पीडा, अशान्ति कायमै छ। त्यस बीचमा पनि यस संसारको सार्बभौमसत्ता परमेश्वरमा नै छ भनेर हामी उहाँमाथि भरपर्न सक्छौं भनेर आर्तसास्तको कदमबाट हामीले कसरी सिक्न सक्छौं?**

## ५. शिक्षाको महत्त्वपूर्ण पक्ष

**उचित धार्मिक तथा आत्मज्ञान महत्त्वपूर्ण छ भनेर एज्रा ७:६ र १०ले हामीलाई कसरी सिकाउँछ? "६ परमप्रभु इस्राएलका परमेश्वरले मोशाद्वारा दिनुभएको व्यवस्थामा एज्राचाहिँ एक निपूर्ण अध्यापक थिए। तिनले मागेका सबै कुरा राजाले मन्जूर गरिदिए, किनभने परमप्रभु तिनका परमेश्वरको हात तिनीमाथि थियो।... १० किनकि एज्राले परमप्रभुको व्यवस्था अध्ययन गर्न र पालन गर्न, र इस्राएलमा धर्म-विधि र धार्मिक शिक्षा सिकाउन आफैलाई समर्पण गरेका थिए।"**

परमेश्वरप्रति पूरा समर्पित हुने र परमेश्वरको वचनको अध्ययन गर्ने र आफ्नो व्यवहारमा उतार्ने र सिकाउने निर्णय एज्राले गर्दा इस्राएलमा झन ठूलो सेवाकार्य गर्न उनी तयार भएका थिए। लगनशीलताका साथ परमेश्वरको व्यवस्था अध्ययन गर्न समर्पित हुने, त्यसै अनुसार आफू पनि चल्ने र अरूलाई पनि चल्न सिकाउने उनको प्रतिवद्धता थियो भनेर बाइबलको पदले स्पष्ट रूपमै बताउँछ।

यस मामिलामा एलेन जी ह्वाइटले एउटा महत्त्वपूर्ण भित्रीज्ञान हामीलाई उपलब्ध गराउनुभएको छः "पुजारी हारुनको बंसबाट आएका एज्रालाई पुजारीको तालिम दिइएको थियो। त्यसको साथै मिडपर्सियाको सभ्यतामा चलेको ज्योतिषी, जादुगर र अरू ज्ञानी मानिसहरूका लेखहरूप्रति उनको ज्ञान थियो। तर आफ्नै आत्मिक अवस्थाप्रति उनी संतुष्ट थिएनन्। परमेश्‍वरसँग तालमेल गरेर चल्ने उनको ठूलो चाहना थियो। परमेश्‍वरको इच्छा अनुसार चल्ने उहाँको ज्ञानबुद्धिको खोजी गर्ने ती मानिस ज्ञानका भोका थिए। त्यसकारण उनले "आफ्नो हृदयले परमेश्‍वरको व्यवस्थाको ज्ञान खोजे र त्यही अनुसार चल्ने प्रतिवद्धता पनि जनाएका थिए" एज्रा ७:१०। यसले गर्दा परमेश्‍वरका जनहरूको इतिहास लगनशील भएर पढ्न आफैलाई उनले समर्पण गरे। ती कुरा इतिहास, अगमवक्ताहरू र राजाहरूको बारेमा लेखिएका लेखहरूमा थिए। यरुशलेमलाई नाश गर्न र उहाँका जनहरूलाई बिदेशमा पलायन हुन परमेश्‍वरले किन अनुमति दिनुभयो भनेर इतिहास र कविताका पुस्तकहरूमा खोजी गरे।"-प्रोफेटस् एण्ड किङ्गस, पृ. ६०८बाट रूपान्तरित।

"धर्मशास्त्रका पुस्तकहरूको अध्ययनमा चासो जगाउन एज्राले कठोर परिश्रम गरेका थिए। त्यसलाई स्थायीत्व दिन र सुरक्षित वनाउन उनले जीवनभर अभिभारा लिएका थिए साथै गुणात्मक रूपमा बढाएका पनि थिए।उनले सकेसम्म परमेश्‍वरको व्यवस्था वा नीतिनियमका सबै कागजपत्रहरू जम्मा गरे, त्यसलाई सारे र वितरण गरे। सारिएका धेरैप्रति अर्थात परमेश्‍वरको शुद्ध वचन धेरै मानिसहरूका हातमा पु-याएका थिए। जसले गर्दा धर्मशास्त्रीय ज्ञानको अतुलनीय मूल्य बढेको थियो।"-पृ. ६०९बाट रूपान्तरित।

अयहूदी धर्मका संस्कारहरू एज्राले सिकेका थिए। तिनीहरूको बाटो ठिक थिएन भनेर उनले देखेका थिए। त्यसैले सत्यलाई सत्यकै स्रोतबाट जान्न उनले प्रयास गरे। ती थिए परमेश्‍वरको वचन र "परमेश्‍वरको व्यवस्था।" उनले सांसारिक विश्‍वविद्यालयमा सिकेका कतिपय ज्ञानहरू केलाएर पन्छाउनु परेको थियो। कतिपय गलत शिक्षादीक्षा तिनीहरूमा थिए भन्ने कुरामा कुनै शङ्का थिएन। आखिरमा जादुगर र ज्योतिषीहरूका लेखहरू मानिसहरूको निम्ति कति उपयोगी हुन्छ र?

**अहिले पनि संसारमा सिकाइएका कतिपय कुराहरूलाई केलाएर झुटहरूलाई पन्छाउन कति आवश्यक छ?**

**उपसंहारः** सामग्री उपलब्ध भए एलेन जी ह्वाइटद्वारा लिखित प्रोफेटस एण्ड किङ्गसको ६०७-६१७ मा उल्लेखित "एज्रा, द प्रिस्ट एण्ड स्क्राइब" पढ्नु होला।

एज्राको लगनशीलताको **बारेमा सोच्नुहोस्:** "एज्रा परमेश्वरको निम्ति सम्बाददाता भएका थिए। जुन नीतिहरूद्वारा स्वर्गको शासन चलेको थियो त्यही नीतिहरूले आफ्ना वरिपरि रहेकाहरूलाई शिक्षित बनाएका थिए। चाहे मिडपर्सियाको दरवारमा होस् वा यरुशलेममा होस्, उनको बाँकी जीवन अरूलाई सिकाउने एक अध्यापकको जीवन उनले अपनाएका थिए। जब आफूले सिकेका कुराहरू अरूलाई सिकाउन थाले तब उनको परिश्रम गर्ने क्षमता झन् बढ्यो। उनी जोश, धर्मपरायणता र जे ठिक छ त्यसमा प्रतिवद्ध भएर हिंड्ने व्यक्ति भएर चलेका थिए। जब उनको दैनिक जीवन बाइबलको सत्यताले सुसज्जित भएर चल्न थाल्यो तब उनी संसारको सामु परमेश्वरको गवाही भएर देखा परेका थिए।"-एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस्, पृ. ६०९बाट रूपान्तरित।

"वर्तमान संसारको अध्यात्मिक वा धार्मिक जीवनमा सुधार गरेर अगाडि बढ्नुपर्ने प्रक्रियाको आवश्यकता छ। त्यसको निम्ति एज्रा र नेहमिया जस्ता परमेश्वरका कर्मठ योद्धाहरूको आवश्यकता छ जो पापलाई पाप भनेर चिनिनबाट नलच्किने र परमेश्वरप्रतिको श्रद्धा र सम्मानलाई देखाइरहन खुम्चिन्दैनन्। परमेश्वरप्रति जिम्मेवार भएर चल्ने व्यक्तिहरूले जब गलत काम भइरहेको देख्दछन् तब तिनीहरूमा शान्ति वा अमनचैन हुँदैन न त देखावटी परोपकारीय कामको वा उदारताको खोल लगाएर दुष्टता वा खराबीलाई ढाक्दछन्। कुनै मानिसलाई पक्षपात नगर्ने मानिसहरूको रुपमा तिनीहरूको याद गरिनेछ। केही व्यक्तिहरूप्रति कठोरता देखाइए तापनि धेरैको निम्ति त्यो दया देखाइए सरह हुनेछ। जुन मानिसले खराब तत्वको भतर्स्ना गर्छ त्यो मानिसले सधैं येशूको मिजासलाई प्रकट गरिरहेको हुन्छ।"- एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस्, पृ. ६७५बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ) परमेश्वरबाट हामीले धेरै प्रतिज्ञाहरू पाएका छौं। त्यसैवखत उहाँले ती प्रतिज्ञा वा आशिषका लाभहरू हामीमाझ उहाँ हाम्रो इच्छा बिना जबरजस्ती लाद्नुहुन्न। यद्यपि, हाम्रो दैनिक जीवनमा हामी के निर्णयहरू**

गरिरहेका छौं जसले गर्दा हामी उहाँका प्रतिज्ञाहरूको लाभ हाम्रो जीवनमा उपभोग गरिरहेका हुदैनौं।

आ) दानिएल ९:१-२३मा दानिएलको प्रार्थना पढ्नुहोस्। तपाईंको आफ्नै जीवनमा त्यहाँ उल्लेखित के नीतिहरू लागु गर्न सक्नुहुन्छ? दानिएलले के गरिरहेका थिए, उनको मनस्थिति कस्तो थियो र उनले के मागिरहेका थिए? वर्तमान परिप्रेक्ष्यमा तपाईंले त्यहाँ के अरू विषय देख्नुभएको छ जुन अहिले पनि व्यवहारिक छ?

इ) एज्राको सेवाकार्य जीवनमा र मानिसहरूको बीचमा परमेश्वरका वचनहरू फैलाउन लगनशील भएर काम गर्नुमा परमेश्वरको वचन कतिको केन्द्रविन्दुमा राखिएको थियो भनेर एलेन जी ह्वाइटले माथिको पाँचौं बुँदामा व्यक्त गरेको हामीले पढ्यौ। हाम्रो व्यक्तिगत जीवन र चर्चको क्रियाकलापमा परमेश्वरको वचनलाई केन्द्रविन्दुमा राखेर चल्नु कतिको महत्त्वपूर्ण र छ भन्ने कुरा त्यसबाट सिक्न सक्छौं?

## कथा १

## एसिड खनाएर गरिएको आक्रमण, आन्ड्रयु मेकचेस्नी

बान्जा म्वेला आइतबारे चर्चका पास्टर थिए। उनी अफ्रिका महादेशको प्रजातान्त्रिक गणतन्त्र कङ्गो भन्ने देशमा बस्दथे। जब उनले आइतबारे चर्च छोडेर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए तब उनकी श्रीमती र छोरा उनीसँग धेरै रिसाए। त्यतिमात्र नभएर तिनीहरूले उनलाई एसिड छर्केर मार्न समेत खोजे।

सो घट्नापछि बान्जाको अनुहार सदाको निम्ति कुरूप भयो तर उनले आफ्नो ज्यान भने जसो तसो बचाए। आज उनी चर्चको तलब नलिइकनै काम गर्ने साधारण एडभेन्टिस्ट पास्टर भएका छन्। जब उनी प्रचार गर्छन् तब हुलका हुल मानिसहरू उनको वचन सुन्न जम्मा हुन्छन् किनकि उनको त्यो गवाही अत्यन्तै प्रभावकारी बनेको छ।

“सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सम्मिलित हुन पाएकोमा म परमेश्वरको जय गर्छु। किनभने शैतानलाई हराइएको छ।" खुशी हुदै बान्जाले भने।

सन २०१३मा दक्षिणपूर्वको लिकासी सहरमा सेभेन्थ-डे एडभेन्टिस्ट प्रचार समूहले सार्बजनिकरूपमा सुसमाचार प्रचार अभियान चलाएको थियो। त्यसबेला बान्जा पनि त्यसमा सहभागी हुन पुगे। एडभेन्टिस्टको शिक्षाप्रति आकर्षित भएर उनी स्थानीय सेभेन्थ-डे एडभेन्टिस्ट फिलिप लेमन युनभर्सिटीको पास्टरीय तालिम स्कूलमा भर्ना भए। त्यसपछि उनले आफ्नो आइतबारे चर्च छोडेर एडभेन्टिस्ट हुने निधो गरे।

एक दिन एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएर उनी घर फर्के। बाटोभरि येशूको शक्तिको प्रशंसा गर्दै आइरहेका थिए। घरपुगेपछि जब उनी घरभित्र पस्न लागेका मात्रै के थिए उनको ठूलो छोरोले उनलाई झम्टेर एक भाडो सल्फ्यूरिक एसिडले उनको अनुहार र शरीरमा छ्यापिदिए।उनले केही देख्न सकेनन् पोलेको पीडाले चिच्याएर उनी भुईंमा ढले।

उनले तिनीहरूको पुरानो चर्च त्यागेकोले बान्जाकी श्रीमती र छोरा रिसले चुर भएको थिए। त्यसकारण उनलाई त्यसैबेला मार्ने षडयन्त्र तिनीहरूले गरेका थिए। यो कुरो इस्ट कङ्गो युनियनको अध्यक्ष रोबर्ट एस. मुहुनेले यी लेखकलाई सुनाए।“तर भाग्यवस अचम्म तरिकाले बान्जाको ज्यान बाँच्यो" उनले भने।उनी चिच्याएकोले छिमेकीहरू उनको घरमा आए र

उनलाई अस्पतालमा लगे। उनको जीवन खतम भयो भनि डाक्टरहरूले ठानेका थिए। उनको एउटा आँखा कामै नलाग्ने भयो र उनको शरीरको प्रायजसो सबै छाला खुइलिएका थिए। उनलाई अस्पतालको विशेष कोठामा उपचार गरियो। अहिले पनि उनको शरीरमा छाला टाँस्ने र प्लास्टिक सर्जरीको उपचार भइरहेको छ। विश्व एडभेन्टिस्ट चर्चले उनको खर्च व्यहोरिरहेको छ।

उनलाई हमला गरेपछि उनकी श्रीमती र छोरा बेपत्ता भए। पुलिसले तिनीहरूलाई अहिले पनि खोजिरहेका छन्।

बान्जालाई *जतिसुकै पीडा भएतापनि उनी अस्पतालमा धेरै बस्दैनन्। उनको यो दुखद् अनुभव चर्च र सुसमाचारीय प्रचारको अभियानहरूमा सुनाउँछन्। उनको मनपर्ने बाइबलको अंश यशैया ४३:१-३मा* लेखिएको पदहरू सबैलाई सुनाउन मनपराउँछन् *"१ तिमीलाई सृष्टि गर्ने र आकार दिनुहुने परमेश्वरले अहिले यस्तो भन्नुहुन्छ, हे याकूब, हे इस्राएल, "नडराऊ, मैले तिमीलाई उद्धार गरेको छु। मैले तिम्रो नामै लिएर बोलाएको छु, तिमी मेरो हौ। २ तिमी गहिरो पानीबाट भएर जाँदा म तिमीसित हुनेछु। तिमी नदीहरूबाट जाँदा त्यसको बाढीले तिमीलाई डुबाउने छैन। तिमी आगोको बीचबाट भएर जाँदा जल्नेछैनौ न त आगोको ज्वालाले तिमीलाई पोल्नेछ। ३ किनभने म परमप्रभु तिम्रो परमेश्वर हुँ, इस्राएलका पवित्र परमेश्वर, तिम्रो उद्धारकर्ता हुँ। म तिमीलाई छुटकारा दिन मिश्रदेश, तिम्रो सट्टामा इथियोपिया र सेबा देशहरू दिनेछु।" (रूपान्तरित)।*